“सम्पूर्ण पेसाकर्मीहरू एकजुट होऔं”

# पेसागत महासङ्घ नेपालको
# विधान २०५२

## सातौं महाधिवेशन

(२०७९ चैत्र २३-२४) बाट छैटौं संशोधन समेत

"सम्पूर्ण पेसाकर्मीहरू एकजुट होऔँ"

# पेसागत महासङ्घ नेपालको विधान, २०५२

सातौं महाधिवेशन

(२०७९ चैत्र २३–२४) बाट छैटौं संशोधन समेत

**प्रकाशक**

पेसागत महासङ्घ नेपाल

राष्ट्रिय समिति

काठमाडौँ

**सर्वाधिकार**

प्रकाशकमा

**प्रकाशन प्रति**

५०० थान

**प्रकाशन मिति**

२०८० जेठ

# ♦प्रस्तावना

२००७ साल माघ ४ गतेबाट सङ्गठित रूपमा सुरु भएको पेसागत आन्दोलनको इतिहासलाई निरन्तरता दिंदै, २०४६ सालको ऐतिहासिक जन आन्दोलनबाट प्राप्त सङ्गठन स्वतन्त्रताको पूर्ण उपयोग गर्दै, पेसागत क्षेत्रमा भिन्न भिन्न कार्यक्षेत्र र चरित्रका राष्ट्रिय स्वरूपका ट्रेड युनियन/पेसागत सङ्घ/सङ्गठनहरू बीच आपसी समन्वय, सहयोग र ऐक्यबद्धता प्रकट गर्न, श्रमिक/पेसाकर्मीका साझा सरोकारका विषयमा सामूहिक ढङ्गले अगाडि बढ्न र एकीकृत राष्ट्रिय शक्तिको निर्माण गरी सोका माध्यमबाट पेसागत क्षेत्रको समस्या समाधान गर्न राष्ट्रिय स्तरका पेसागत सङ्गठनहरू एक आपसमा मिली २०५२ जेठ ६ गते स्थापना भएको पेसागत ऐक्यबद्धता मञ्चलाई महासङ्घका रूपमा रूपान्तरण गरी गठन भएको पेसागत महासङ्घ नेपालको गौरवमय क्षणलाई स्मरण गर्दै २०६२/०६३ सालको शान्तिपूर्ण जनक्रान्तिमा सहभागी भएको परिणाम स्वरूप राजतन्त्रको अन्त्य भई प्राप्त भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढीकरण गर्न र ट्रेड युनियन अधिकारको उपयोग गर्दै राष्ट्र निर्माणमा सङ्गठित तबरले योगदान पु¥याउन, सामाजिक न्याय, लोकतन्त्र, मानव अधिकार एवं राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकारको संवैधानिक सुनिश्चितता गरी पेसागत क्षेत्रमा क्रियाशील राष्ट्रिय मान्यता प्राप्त ट्रेड युनियन/पेसागत सङ्घ/सङ्गठनहरूले एकआपसमा मिली श्रमिक पेसाकर्मीहरूको पेसागत सुरक्षा, समान अवसर, समृद्ध जीवन, सुनिश्चित भविष्य र समाजवादको ध्येय प्राप्तिका लागि आम श्रमिक पेसाकर्मीहरू बिच ट्रेड युनियन महासङ्घका रूपमा स्थापित गर्दै यस क्षेत्रको सशक्त, स्वतन्त्र, जुझारु, सङ्घर्षशील र वर्ग आधारित प्रगतिशील ट्रेड युनियन केन्द्रका रूपमा विकसित गर्न वाञ्छनीय भएकाले **पेसागत महासङ्घ नेपालको विधान–२०५२** लाई सातौं महाधिवेशनबाट छैठौं संशोधन गरी लागु गरिएको छ ।

---

♦ पाँचौं संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

पहिलो महाधिवेशनबाट पारित मिति २०५३।२।६–७
दोस्रो महाधिवेशनबाट प्रथम संशोधन मिति २०५७।५।५–६
तेस्रो महाधिवेशनबाट दोश्रो संशोधन मिति २०६१।११।१३
चौथो महाधिवेशनबाट तेश्रो संशोधन मिति २०६५।०१।१८–१९
पाँचौं महाधिवेशनबाट चौथो संशोधन मिति २०६९।०१।१८–१९
❖छैटौं महाधिवेशनबाट पाँचौं संशोधन मिति २०७३।०३।३–५
€सातौं महाधिबेशनबाट छैटौं संशोधन मिति २०७९।१२।२३–२४

## परिच्छेद–१

## नाम र प्रारम्भ

**दफा–१** यस विधानको नाम **पेसागत महासङ्घ नेपालको विधान** २०५२ रहनेछ र यो विधान तुरुन्त लागु हुनेछ ।

## परिच्छेद–२

## ❖परिभाषा

**दफा–२** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **पेसागत सङ्घ/सङ्गठन/ट्रेड युनियन** भन्नाले सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत तथा सेवानिवृत्त पेसाकर्मीहरू र असङ्गठित क्षेत्रका स्वरोजगार कामदार/कर्मचारीहरूको सङ्घ/सङ्गठन ट्रेड युनियनलाई सम्झनु पर्दछ ।

(ख) **श्रमिक/पेसाकर्मी** भन्नाले सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत तथा सेवानिवृत्त पेसाकर्मी, श्रमिकहरू र असङगठित क्षेत्रका स्वरोजगार कामदार, कर्मचारी तथा पेसा व्यवसायीलाई सम्झनु पर्दछ ।

(ग) **महासङ्घ** भन्नाले प्रचलित ट्रेड युनियन ऐन, २०४९ अन्तर्गत ट्रेड युनियन महासङ्घको रूपमा दर्ता भएको पेसागत महासङ्घ नेपाललाई सम्झनु पर्दछ ।

€(घ) **महाधिवेशन** भन्नाले यस विधानको दफा ८ बमोजिमको महाधिवेशनलाई सम्झनु पर्दछ ।

❖ पाँचौं संशोधनद्वारा संशोधित ।
€ छैटौं संसोधनद्वारा संसोधित ।

(ङ) **राष्ट्रिय परिषद** भन्नाले यस विधानको दफा १० बमोजिम गठित परिषदलाई सम्झनु पर्दछ ।

(च) **राष्ट्रिय समिति** भन्नाले यस विधानको दफा ९ बमोजिम गठित **राष्ट्रिय समितिलाई सम्झनु पर्छ ।**

(छ) **स्थायी समिति** भन्नाले विधानको दफा ९ (२) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) **सचिवालय** भन्नाले यस विधानको दफा ९ (३) बमोजिम गठित सचिवालयलाई सम्झनु पर्दछ ।

(झ) **पदाधिकारी** भन्नाले विधानको दफा ९ (१) बमोजिमका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ञ) **घटक** भन्नाले महासङ्घका आवद्ध र सम्वद्ध सङ्घ/सङ्गठनलाई सम्झनु पर्दछ ।

(ट) **केन्द्रीय समिति** भन्नाले राष्ट्रिय स्तरका पेसागत सङ्घ/सङ्गठन/ट्रेड युनियनका केन्द्रीय समितिलाई सम्झनु पर्दछ ।

€(ठ) **मातहत समिति** भन्नाले यस विधान बमोजिम गठित प्रदेश, जिल्ला र पालिका समितिलाई सम्झनु पर्दछ ।

(ड) **सदस्य** भन्नाले यस विधानको दफा ६ (१) बमोजिमको सदस्यलाई सम्झनु पर्दछ ।

**€(ढ)** **आयोग** भन्नाले यस विधान बमोजिम गठित आयोगलाई सम्झनु पर्दछ ।

(ण) **प्रतिष्ठान** भन्नाले ट्रेड युनियन कानुन वमोजिम दर्ता भएका प्रतिष्ठान स्तरका ट्रेड युनियनलाई सम्झनु पर्दछ ।

## परिच्छेद – ३

## नाम र कार्यालय

**दफा –३** •(१) यस संस्थाको नाम **पेसागत महासङ्घ नेपाल** रहनेछ । अङ्ग्रेजीमा यसलाई Confederation of Nepalese Professionals

• तेस्रो संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

भनिनेछ । छोटकरीमा यसलाई 'पेसागत महासङ्घ' र अङ्ग्रेजीमा "CONEP" भनिनेछ ।

❖(२) यो महासङ्घ अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र गैरनाफामूलक सङ्गठित संस्था हुनेछ । महासङ्घले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न तथा आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

€(३) महासंघको केन्दीय कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ । प्रदेश समितिको कार्यालय, जिल्ला समितिको कार्यालय र पालिका समितिको कार्यालय तोकिएको स्थानमा रहनेछन ।

## परिच्छेद – ४

## लक्ष्य र वैचारिक आधार

**दफा –४** •(१) **लक्ष्य**

❖श्रमिक/पेसाकर्मीहरूको सेवासुरक्षा, समान अवसर, समृद्ध जीवन र सुनिश्चित भविष्यका लागि समाजवाद महासङ्घको लक्ष्य हुनेछ ।

(२) **वैचारिक आधार**

❖(क) यो महासङ्घ समानता, सामाजिक न्याय, लोकतन्त्र, विश्व शान्ति र मानव आधिकारका आदर्शलाई सदैव आफ्नो मार्ग निर्देशक सिद्धान्तका रूपमा स्वीकार गर्दछ ।

❖(ख) घटकहरू यस विधानको अधीनमा रही आआफ्नो स्थानमा स्वतन्त्र रहनेछन् र कसैको आन्तरिक मामिलामा हस्तक्षेप गरिने छैन । यस विधानसँग बाझिने घटकका विधानहरू बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(ग) यस महासङ्घको सञ्चालन लोकतान्त्रिक प्रक्रियाबाट हुनेछ ।

€(घ) यो महासङ्घ लोकतन्त्र, प्रगतिशील एवं समाजवाद पक्षधर अन्तर्राष्ट्रिय ट्रेड युनियन केन्द्रसँग आबद्ध रहनेछ ।

❖(ङ) यो महासङ्घ जातीयता, क्षेत्रीयता, धार्मिक, साम्प्रदायिक आदि प्रभावबाट मुक्त रहनेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

❖ पाँचौं संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

## परिच्छेद – ५

## उद्देश्य

**दफा – ५ महासङ्घका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :**

❖(१) श्रमिक/पेसाकर्मीहरूको दक्षता वृद्धि तथा आर्थिक, सामाजिक र बौद्धिक समुन्नतिका लागि उनीहरूको सेवा सर्त तथा कार्य अवस्थामा सुधार ल्याउन राष्ट्रिय रूपमा प्रयत्नशील रहने ।

❖(२) श्रमिक/पेसाकर्मी र व्यवस्थापन तथा सरकार बीच सुसम्बन्ध राख्न प्रयत्न गर्ने ।

❖(३) विभिन्न क्षेत्रका पेशागत सङ्गठन/ट्रेड युनियन बिच आपसी सुमधुर सम्बन्ध बढाउँदै उनीहरूलाई देश विकासमा सङ्गठित तबरले क्रियाशील गराउन प्रयत्नशील रहने ।

•(४) देशको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा जनमुखी नीति अवलम्बन गर्न सरकारलाई सुझाव दिने ।

❖(५) महासङ्घका सदस्यहरूलाई तालिम तथा शिक्षा प्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

❖(६) श्रम नीतिको तर्जुमा गर्न र श्रमिक पेसाकर्मीहरूको तलब तथा सुविधा वृद्धिको निर्धारण गर्नका लागि सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने ।

(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न ट्रेड युनियन केन्द्रहरूसँग सम्बन्ध स्थापना गर्ने ।

❖(८) श्रमिक पेसाकर्मीहरूको हकहितका लागि व्यवस्थापन र नेपाल सरकार समक्ष सामूहिक सौदावाजी गर्ने ।

•(९) श्रमिक/पेसाकर्मीहरूलाई आफ्नो सेवाप्रतिको दायित्व दक्षतापूर्वक निर्वाह गर्ने कार्यमा प्रेरित गर्ने ।

•(१०) श्रमिक/पेसाकर्मीहरूको हकहितको संरक्षण र संवर्द्धन गर्नका लागि सबै क्षेत्रमा ट्रेड युनियन खोल्ने, माग दाबी पेस

---

❖ पाँचौं संशोधनद्वारा संशोधित ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

गर्ने, सामूहिक सौदाबाजी गर्ने र आवश्यकता अनुसार हड्ताल लगायतका दबाबमूलक कार्यक्रम सञ्चालन गर्न पाउने ट्रेड युनियन अधिकारलाई संवैधानिक एवं कानुनी रूपमा स्थापित गर्न प्रयत्नशील रहने ।

•(११) श्रमिक पेसाकर्मी र आश्रित परिवारको हितका लागि विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

•(१२) राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सहित श्रमिक पेसाकर्मीहरूको जीवनलाई समृद्ध बनाउन क्रियाशील रहने ।

•(१३) मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै समाजवाद स्थापनाका लागि सहयोग पुऱ्याउने ।

•(१४) स्वरोजगार क्षेत्रका श्रमिक पेसाकर्मीहरूको हकहितको संरक्षण गर्ने ।

❖(१५) कार्यस्थल र सार्वजनिक क्षेत्रमा लैङ्गिक विभेदको अन्त्य गर्न प्रयत्नशील रहने ।

❖(१६) सेवा निवृत्त श्रमिक पेसाकर्मीको हकहितको संरक्षण गर्ने ।

❖(१७) सार्वजनिक सेवालाई जनमुखी उत्तरदायी र प्रभावकारी बनाउन भूमिका खेल्ने ।

❖(१८) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा असल श्रम सम्बन्ध स्थापित गर्न प्रयत्नशील रहने ।

❖(१९) सार्वजनिक प्रशासनको अनुसन्धान र विकासका निम्ति काम गर्ने । अनुसन्धानात्मक लेख, सङ्ग्रह, बुलेटिन, मुखपत्र तथा विभिन्न रचनाहरू प्रकाशन गर्ने, प्रशारण गर्ने ।

---

• तेस्रो संशोधनद्वारा संशोधित ।

❖ पाँचौं संशोधनद्वारा संशोधित ।

## परिच्छेद – ६

## सदस्यता

**दफा –६ •सदस्यताको प्रकार**

(१) **महासङ्घमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्**

•(क) आबद्ध सदस्यता (Affiliate Membership) : राष्ट्रिय स्तरको ट्रेड युनियन सङ्घको मान्यता पाएका ट्रेड युनियन सङ्घलाई आबद्ध सदस्यता प्रदान गर्न सकिनेछ ।

•(ख) सम्बद्ध सदस्यता (Associate Membership) : उपर्युक्त (क) बाहेक राष्ट्रिय स्तरका अन्य पेसागत सङ्घ/सङ्गठनलाई सम्बद्ध सदस्यता प्रदान गर्न सकिनेछ ।

•(ग) मानार्थ सदस्यता (Honorary Membership) : पेसागत आन्दोलनमा विशिष्ट योगदान पुऱ्याएका स्वदेशी वा विदेशी विशिष्ट व्यक्तित्वलाई महासङ्घले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

•(२) **घटक सङ्घ/सङ्गठनको योग्यता, आचरण र अनुशासन**

•(१) **आबद्ध सदस्यको योग्यता**

(क) महासङ्घको विधानलाई निसर्त स्वीकार गरेको ।

•(ख) राष्ट्रिय स्तरमा ट्रेड युनियन सङ्घका रूपमा मान्यता पाई सङ्गठित र क्रियाशील भएको ।

•(ग) नीति र नेतृत्व निर्माण तथा आफ्ना गतिविधिमा व्यवस्थापन र प्रशासनिक कार्य सञ्चालनमा लोकतान्त्रिक प्रक्रिया अङ्गिकार गरेको ।

•(घ) सङ्गठित क्षेत्रतर्फ न्यूनतम ५००० र असङ्गठिततर्फ कम्तीमा ५०० पेसाकर्मी सदस्य रहेको ।

•(ङ) तोकिए बमोजिम शुल्क बुझाएको ।

(च) आवश्यकता अनुसार राष्ट्रिय समितिबाट सदस्यता दिने निर्णय भएको ।

---

• तेस्रो संशोधनद्वारा संशोधित ।

•(२). **सम्बद्ध सदस्यको योग्यता**

•(क) महासङ्घको विधानलाई निसर्त स्वीकार गरेको ।

*(ख) राष्ट्रिय स्वरूपको मान्यता प्राप्त गरेको ।

•(ग) नेतृत्व र नीति निर्माण तथा आफ्ना गतिविधि व्यवस्थापन र प्रशासनिक कार्य सञ्चालनमा लोकतान्त्रिक प्रक्रियालाई अङ्गीकार गरेको ।

•(घ) तोकिए बमोजिमको शुल्क बुझाएको ।

(ङ) आवश्यकता अनुसार राष्ट्रिय समितिबाट सदस्यता दिने निर्णय भएको ।

❖(३) **घटक सङ्घ/सङ्गठन र पदाधिकारीहरूको आचरण र अनुशासन**

(क) यस विधानको प्रस्तावनामा उल्लिखित सिद्धान्त, वैचारिक आधार र उद्देश्य विपरीत कुनै कार्य गर्न, गराउन पाइने छैन।

(ख) नेपाल राज्यभित्र यस महासङ्घ बाहेक यस्तै अन्य कुनै महासङ्घको सदस्यता लिन पाइने छैन ।

❖(ग) महासङ्घको विधानसँग बाझिने गरी कुनै वैधानिक व्यवस्था गर्न पाइने छैन । सदस्य सङ्घ/सङ्गठनहरूले पेसागत महासङ्घको विधान तथा नीति पालन गर्नुपर्छ । महासङ्घले पारित गरेको कार्यक्रम र निर्णयको जानकारी मातहत समिति मार्फत श्रमिक पेसाकर्मीहरूलाई जानकारी गराउनु पर्दछ ।

❖(घ) नियमित रूपमा तोकिए बमोजिम लेबी तथा सदस्यता शुल्क र अन्य आर्थिक दायित्व बुझाउनु पर्दछ ।

❖(ङ) आफ्नो विधान अनुसार नियमित बैठक, भेला, अधिवेशन गरी आन्तरिक जीवनलाई दुरुस्त बनाउनु पर्दछ ।

---

*चौथो संशोधनद्वारा संशोधित ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

❖ पाँचौं संशोधनद्वारा संशोधित ।

❖(च) ट्रेड युनियन संस्कृतिको विपरीत काम कारवाही र गतिविधि गर्न पाइने छैन ।

❖(छ) महासङ्घको संस्थागत निर्णय, निर्देशन र परिपत्रको पूर्ण पालना गर्नु पर्नेछ । महासङ्घको नीति र वैधानिक नेतृत्व विरुद्ध गतिविधि गर्न पाइने छैन । औपचारिक कार्यक्रमहरूमा महासङ्घको नेतृत्वलाई कमिटी पद्धति अनुरूप मर्यादापूर्वक स्थापित गर्नुपर्छ ।

❖(ज) आफ्नो लेटर प्याड, साइनबोर्ड र अन्य प्रचार सामग्रीमा" पेसागत महासङ्घ नेपालमा आबद्ध" भनी उल्लेख गर्नु पर्नेछ।

❖(झ) आफूले सम्पादन गरेका काम र निर्णयको यथा समयमा छिटो माध्यमद्वारा महासङ्घलाई जानकारी गराउनु पर्नेछ ।

❖(ञ) सङ्गठन सञ्चालनमा आर्थिक अनुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्नु पर्नेछ ।

❖(ट) अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नुअघि महासङ्घको स्वीकृति लिनु पर्नेछ ।

❖(ठ) महासङ्घका पदाधिकारी तथा सदस्यले महासङ्घको नीति, विधान र निर्णयको पूर्ण पालना गर्नु पर्नेछ ।

❖(ड) महासङ्घको हित विपरीतका कुनै क्रियाकलापमा संलग्न हुन हुँदैन ।

**❖३.क पदाधिकारी तथा सदस्यहरूलाई कारवाही र सदस्यता समाप्ति**

महासङ्घका पदाधिकारी तथा सदस्यहरूलाई महासङ्घको विधान, नीति र निर्णय विपरीत आचरण गरेमा निश्कासन समेत गर्न सकिनेछ तर कारवाही गर्नु अगाडि सफाइको मौका दिइनेछ ।

❖(४) **घटक सङ्घ/सङ्गठनलाई कारवाही र सदस्यताको समाप्ति**

€(क) घटक सङ्घ/सङ्गठनले सदस्यता परित्याग गरेमा ।

---

❖ पाँचौं संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

तर महाधिवेशनबाट निर्वाचित राष्ट्रिय समितिको पदाधिकारी तथा सदस्यहरूको सदस्यता र आवद्ध घटक संघ/संगठनलाई राष्ट्रिय समितिले तोकिए वमोजिम समाप्त नगरुन्जेल सदस्यता र आवद्धता कायमै रहनेछ।

❖(ख) उपदफा (३) बमोजिमको आचरण पालना नगरेमा ।

(ग) कारवाहीमा परी सदस्यता खारेज भएमा ।

❖(घ) विधानको दफा ६(२) बमोजिमको योग्यता गुमाएमा।

❖(ङ) उपदफा(३) को आचरण उल्लङ्घन गरेको अभियोग लागेको घटक सङ्घ/सङ्गठनलाई सफाइको मौका दिइनेछ ।

## परिच्छेद -७

## साङ्गठनिक स्वरूप

**दफा ७ महासङ्घको साङ्गठनिक स्वरूप देहाय बमोजिम हुनेछ :**

€ (१) महाधिवेशन

❖(२) राष्ट्रिय परिषद

❖(३) राष्ट्रिय समिति

•(४) स्थायी समिति

•(५) सचिवालय

•(६) सदस्य ट्रेड युनियन/सङ्घ/सङ्गठन

❖(७) प्रदेश अधिवेशन

❖(८) प्रदेश परिषद

❖(९) प्रदेश समिति

*(१०) जिल्ला अधिवेशन

❖(११) जिल्ला परिषद

---

• तेस्रो संशोधनद्वारा संशोधित ।

*चौथो संशोधनद्वारा संशोधित ।

❖ पाँचौं संशोधनद्वारा थप ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

❖(१२) जिल्ला समिति

€ (१३) पालिका समिति

❖दफा ७ क खारेज ।

**दफा–८ महाधिवेशन**

€(१) महाधिवेशन महासङ्घको सर्वोच्च निकाय हुनेछ। राष्ट्रिय महाधिवेशन प्रत्येक ३ (तिन) वर्षमा आयोजना गरिनेछ । अवधि पुरा नहुँदै पनि राष्ट्रिय समितिको कम्तीमा दुई तिहाई बहुमतको निर्णयबाट वा महाधिवेशनका एकतिहाई प्रतिनिधिले लिखित अनुरोध गरेमा तिन महिनाभित्र विशेष महाधिवेशन बोलाउनु पर्नेछ ।

❖(२) सदस्य सङ्ख्याका आधारमा प्रत्येक घटक सङ्घ /सङ्गठनको केन्द्रीय समितिले देहाय बमोजिम महाधिवेशन प्रतिनिधि चयन गरी पठाउनु पर्नेछ :

❖(क) ५०० सम्म सदस्य सङ्ख्या भएकोमा ५ जना

❖(ख) ५०१ देखि बढी सदस्य सङ्ख्या भएकोमा प्रत्येक १००० सदस्यमा थप १ जना

❖(ग महासङ्घको विधान बमोजिम प्राप्त लेवि समेतका आधारमा कायम भएको सदस्य सङ्ख्या बमोजिम प्रतिनिधि सङ्ख्या निर्धारण हुनेछ ।

❖(घ) ट्रेड युनियन कानुन बमोजिम मान्यता प्राप्त प्रतिष्ठान स्तरका प्रत्येक ट्रेड युनियनका अध्यक्ष १/१ जना ।

€(ङ) घटक संस्थाहरूले महाधिवेशन प्रतिनिधि चयन गर्दा समितिमा रहेका वा ट्रेड युनियन आन्दोलनमा महत्त्वपूर्ण भूमिका पुरा गरेकाहरूमध्येवाट समुचित समावेशी प्रतिनिधित्व हुने गरी घटक सङ्घ, सङ्गठनको केन्द्रीय समितिको पूर्ण बैठकको निर्णय बमोजिम चयन गर्नु गराउनु पर्नेछ ।

❖पाँचौं संशोधनद्वारा थप ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€(३) राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरू, आयोजक समिति गठन भएकोमा आयोजक समितिका पदाधिकारी सदस्यहरू र बिधान बमोजिम गठित आयोगका अध्यक्ष र सदस्यहरू स्वतः प्रतिनिधि हुनेछन्

€(४) राष्ट्रिय समितिका सल्लाहकारहरू, कोनेप नीति तथा अनुसन्धान आयोगका पदाधिकारी सदस्यहरू तथा प्रदेश र जिल्ला समितिका अध्यक्षहरू राष्ट्रिय महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

€(५) प्रदेश अबिधेशन बाट निर्वाचित १ जना महिला सहित २ जना महाधिबेशनका प्रतिनिधि हुनेछन् ।

€(६) जिल्ला अधिवेशनबाट निर्वाचित १ जना महिला सहित २ जना महाधिबेशन प्रतिनिधि हुनेछन ।

❖(७) राष्ट्रिय समितिले विभिन्न पेसागत क्षेत्रमा क्रियाशील मध्येवाट महाधिवेशनको कुल प्रतिनिधिको बढीमा ५ प्रतिशतको सङ्ख्यामा महाधिवेशन प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

•(८) मानार्थ सदस्यले महाधिवेशनको छलफलमा भाग लिन सक्नेछन् तर निर्वाचनमा भाग लिन पाउने छैनन् ।

❖(९) राष्ट्रिय समितिले बढीमा २५ जना पर्यवेक्षक मनोनीत गर्न सक्नेछ।

(१०) राष्ट्रिय महाधिवेशनले महाधिवेशन सञ्चालन गर्नका लागि एक अध्यक्ष मण्डलको गठन गर्नेछ ।

(११) राष्ट्रिय समितिले महाधिवेशनवाट नेतृत्व चयन गराउन महाधिवेशन अगावै निर्वाचन आयोग समेत समावेश भएको एक निर्वाचन समिति गठन गर्नेछ ।

### ❖दफा–९ राष्ट्रिय समिति

€(१) राष्ट्रिय समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरू महाधिवेशनबाट निर्वाचित हुनेछन् ।

---

• तेस्रो संशोधनद्वारा संशोधित ।

❖ पाँचौं संशोधनद्वारा थप ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

**क) निर्वाचित राष्ट्रिय समिति**

| | |
|---|---|
| अध्यक्ष : | १ जना |
| उपाध्यक्ष : | ३ जना |
| महासचिव : | १ जना |
| उपमहासचिव : | १ |
| सचिव : | ९ जना (१ खुल्ला, १ महिला, प्रदेश ईन्चार्जको रूपमा प्रदेशबाट १ जनाका दरले ७ जना ) |
| कार्यालय सचिव : | १ जना |
| कोषाध्यक्ष : | १ जना |
| सदस्यहरू : | |
| खुला : | १८ जना |
| महिला : | १८ जना |
| प्रदेश : | प्रत्येक प्रदेश क्षेत्र भित्र रहेका प्रतिनिधीहरू मध्येवाट उम्मेदवारी दिई १ महिला सहित ४ जनाका दरले २८ जना |
| मधेसीबाट : | ४ जना (महिला १ सहित) |
| आदिवासी जनजाति : | ४ जना (महिला १ सहित) |
| दलित : | ३ जना (महिला १ सहित) |
| पिछडिएको क्षेत्र : | २ जना । (महिला १ सहित) |
| अपाङ्गता : | १ जना |
| **जम्मा :** | **९५जना** |

**€**(ख) राष्ट्रिय समितिले मनोनीत गर्ने सदस्यहरू २ जना महिला सहित ४ जना ।

**€(ग)** अन्य संघ/संगठनबाट एकता वा प्रवेशको प्रकृयाबाट आउने वा आवश्यक व्यक्तिहरूलाई निर्वाचित संख्याको १० प्रतिशत सम्म राष्ट्रिय समितिबाट मनोनयन गर्न सक्नेछ ।

**€**(घ) महासङ्घमा आवद्ध घटक सङ्घ/सङ्गठनका अध्यक्षहरू र महासंघका प्रदेश समितिका अध्यक्षहरू पदेन सदस्य रहनेछन । साथै घटक संघ/संस्थाका महासचिवहरूलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€(ङ) लेखा परिक्षण आयोग, अनुशासन आयोग, निर्वाचन आयोग र नीति तथा अनुसन्धान आयोगका प्रमुख, पदाधिकारी तथा सदस्यहरू राष्ट्रिय समितिको बैठकमा पदेन सदस्यको रूपमा रहनेछन ।

€(च) राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्य, आयोग अध्यक्ष तथा सदस्यहरू महाधिवेशनका सम्पूर्ण प्रतिनिधीहरू मध्येवाट निर्वाचित हुनेछन ।

€(छ) राष्ट्रिय समितिको वैठक कम्तीमा ४ महिनामा एक पटक वस्नु पर्ने छ । सचिवालयको निर्णय स्थायी समितिमा र स्थायी समितिको निर्णय राष्ट्रिय समितिमा पेश गर्नु पर्नेछ। राष्ट्रिय समितिले गर्नुपर्ने निर्णय स्थायी समिति वा सचिवालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

€(२) **स्थायी समिति**

राष्ट्रिय समितिको बैठक नबसेका बखत राष्ट्रिय समितिले गर्ने सबै काम स्थायी समितिले गर्नेछ। स्थायी समिति अध्यक्ष, उपाध्यक्षहरू, महासचिव, उप महासचिव, सचिवहरू, कार्यालय सचिव, कोषाध्यक्ष समेत रहेको बढीमा ३३ जनाको हुनेछ । लेखा परिक्षण आयोग, अनुशासन आयोग, निर्वाचन आयोग र निति अनुसन्धान आयोगका प्रमुख र सल्लाहकार समितिका संयोजक स्थायी समितिको बैठकका पदेन सदस्य रहनेछन । आवद्ध घटकका अध्यक्षहरू र महासंघ प्रदेश समितिका अध्यक्षहरूलाई आवश्यकता अनुसार स्थायी समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ । स्थायी समितिको बैठक सामान्यतया २ महिनाको एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

€(३) **सचिवालय**

राष्ट्रिय समिति र स्थायी समितिले गरेका निर्णयको कार्यान्वयन गर्न, गराउन अध्यक्ष, उपाध्यक्षहरू, महासचिव, उपमहासचिव, सचिवहरू, कार्यालय सचिव, कोषाध्यक्ष सहितको १७ सदस्य सचिवालयको गठन हुनेछ । सचिवालयको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**€(४) सल्लाहकार समिति**

राष्ट्रिय समितिबाट महासङ्घका निवर्तमान अध्यक्ष र महासङ्घको आवश्यकता अनुसार ट्रेड युनियनका अन्य अगुवा व्यक्तिहरू रहेको ७ सदस्य सल्लाहकार समिति गठन गर्न सकिनेछ। समितिले आफु मध्येबाट एकजना सल्लाहकार संयोजक चयन गर्नेछ।

(५) **नीति तथा अनुसन्धान आयोग**

€(क) महासङ्घका पूर्व पदाधिकारीहरू, विषयगत विज्ञहरू, ट्रेड युनियन आन्दोलनमा महत्वपूर्ण योगदान गरेका व्यक्तिहरू मध्येबाट प्रमुख, उपप्रमुख र सचिव सहित बढीमा ७ जना रहने गरी राष्ट्रिय समितिले **कोनेप नीति तथा अनुसन्धान आयोग** गठन गर्नेछ।

(ख) नीति तथा अनुसन्धान आयोगले महासङ्घलाई नीतिगत परामर्श दिनेछ। साथै विषय विज्ञता, अनुभव, अध्ययन अनुसन्धान गरी महासङ्घका लागि वैचारिक कामका साथै नीति निर्माणमा सहयोग पुऱ्याउनेछ।

(ग) नीति तथा अनुसन्धान आयोगले महासङ्घको निर्णय बमोजिम नियमित प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्नेछ।

(घ) आयोगको सञ्चालन विधिका वारेमा राष्ट्रिय समितिले निर्देशिका बनाई लागु गर्नेछ।

## ❖दफा-१० राष्ट्रिय परिषद

**❖राष्ट्रिय परिषदको गठन देहाय बमोजिम हुनेछ**

(१) राष्ट्रिय समितिका पदाधिकारी, सदस्य तथा पदेन सदस्यहरू राष्ट्रिय परिषदका स्वत परिषद सदस्य हुनेछन्।

(२) विधान अनुसार घटक सङ्घ सङ्गठनबाट राष्ट्रिय महाधिवेशनमा छनौट भएका प्रतिनिधिको २५ प्रतिशत सङ्ख्यामा प्रत्येक घटक संघ सङ्गठनबाट छनौट भएका सदस्यहरूको प्रतिनिधित्व हुने गरी राष्ट्रिय परिषदको गठन हुनेछ।

(३) राष्ट्रिय समितिले बढीमा २५ जना राष्ट्रिय परिषद सदस्यहरू मनोनीत गर्नेछ।

❖ पाँचौं संशोधनद्वारा थप ।

€ छैटौं संसोधनद्वारा संसोधित।

€(४) घटक संस्थाका महासचिवहरू तथा महासंघका जिल्ला समितिका अध्यक्षहरू राष्ट्रिय परिषदको स्वत सदस्य हुनेछन् ।

€(५) लेखा परिक्षण आयोग, अनुशासन आयोग, निर्वाचन आयोग, र नीति तथा अनुसन्धान आयोगका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरू र महासङ्घका सल्लाहकारहरू राष्ट्रिय परिषदका पदेन सदस्य हुनेछन् ।

€(६) खारेज ।

❖(७) महासंघको प्रत्येक प्रदेश समितिबाट १ जना महिला सहित ३ जनाका दरले एवं प्रत्येक प्रतिष्ठान स्तरका ट्रेड युनियनका अध्यक्ष राष्ट्रिय परिषदका सदस्य हुनेछन् ।

€(८) राष्ट्रिय परिषदको बैठक एक महाधिवेशन देखि अर्को महाधिवेशनका बीचमा कम्तिमा एक पटक बस्नेछ ।

€(९) राष्ट्रिय परिषदको बैठकको अध्यक्षता राष्ट्रिय समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले गर्नेछन ।

**❖ धारा १० क. प्रदेश अधिवेशन**

प्रदेश अधिवेशनमा निम्नानुसार प्रतिनिधि रहनेछन् ।

१) प्रदेश समितिका पदाधिकारी, सदस्यहरू एवं प्रदेश समितिका पदेन सदस्यहरू आयोजकको हैसियतले स्वतः प्रतिनिधि हुनेछन् ।

२) महासंघका हरेक जिल्लाबाट २ महिला सहित ५ जना निर्वाचित प्रतिनिधि ।

३) प्रदेशमा आबद्ध घटकका प्रदेश समितिबाट १ महिला सहित छनौट भएका ३ जना प्रतिनिधि ।

४) प्रदेश समितिले मनोनयन गरेका ५ महिला सहित बढीमा १५ जना प्रतिनिधि

€ (५) घटक संघ/संगठनहरूका सम्वन्धित प्रदेशमा रहेका केन्द्रिय सदस्यहरू स्वत प्रतिनिधी रहनेछन ।

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€ (६) सम्वन्धित प्रदेशमा रहेका प्रतिष्ठान स्तरका संघ संगठनका प्रदेश अध्यक्षहरू स्वत प्रतिनिधी रहनेछन ।

### ❖धारा १० ख. प्रदेश समिति

१) प्रदेश अधिवेशनबाट महासङ्घको तपशिल अनुसार १५ सदस्यीय प्रदेश समिति गठन हुनेछ ।

क) अध्यक्ष : १

ख) उपाध्यक्षः २ (१ महिलासहित)

ग) महासचिव : १ जना

घ) सचिव : २ जना (१ महिलासहित)

ङ) कोषाध्यक्ष : १ जना

€च) सदस्यहरू : ८ जना (३ महिलासहित)

€ छ) सम्बन्धित प्रदेशका घटक संस्थाका प्रदेश समिति अध्यक्षहरू र महासंघका जिल्ला समितिका अध्यक्षहरू पदेन सदस्य हुनेछन् ।

ज) सम्बन्धित प्रदेशमा कार्यरत वा संस्थाको कार्य क्षेत्र रहेका महासंघका राष्ट्रिय समितिका सदस्यहरू, प्रदेश सल्लाहकार समितिका संयोजक तथा सदस्यहरू प्रदेश समितिका पदेन सदस्य हुनेछन् ।

€(३) प्रदेश समितिले वढीमा ३ महिला सहित ७ सदस्यीय सल्लहाकार समिति गठन गर्न सक्नेछ ।

€(२) प्रदेश समितिको कार्यकाल तीन ३ वर्षको हुनेछ । प्रदेश समितिको बैठक कम्तिमा ३ महिनामा १ पटक बस्नेछ । प्रदेश समितिको पदाधिकारी सहित वढीमा ३३ प्रतिशत सम्म सचिवालय गठन गर्न सकिनेछ । सचिवालयको वैठक आवश्यक्तानुसार वस्नेछ ।

### ❖दफा १० ग. प्रदेश परिषद

महासङ्घ अन्तर्गत सातवटै प्रदेशमा निम्न व्यक्तिहरू रहेको प्रदेश परिषद्को गठन हुनेछ।

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

क) प्रदेश समितिका पदाधिकारी एवं सदस्यहरू ।

ख) जिल्ला समितिका पदाधिकारीहरू ।

ग) सदस्य सङ्घ सङ्गठनका प्रदेश समितिका पदाधिकारीहरू ।

घ) प्रदेश समितिले मनोनीत गरेका १५ जना ।

ङ) सम्बन्धित प्रदेशका राष्ट्रिय समितिका सदस्य र पार्षदहरू प्रदेश सभामा आमन्त्रित हुनेछन् ।

**❖ दफा १० घ. प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार**

क) प्रदेश समितिको वार्षिक कामको समीक्षा गर्ने ।

ख) आयव्यय हिसावको अनुमोदन र वार्षिक बजेट पारित गर्ने ।

ग) प्रदेश समितिको वार्षिक कार्य योजना पारित गर्ने ।

घ) परिषद बैठकको अध्यक्षता प्रदेश समितिका अध्यक्षले गर्नेछन् ।

€ङ) एक अधिबेसन देखि अर्को अधिबेशनको बिचमा कम्तिमा एक पटक प्रदेश समितिले प्रदेश परिषदको बैठक बोलाउनु पर्नेछ ।

**दफा ११ जिल्ला अधिवेशन**

(१) कम्तीमा तिनवटा सदस्य सङ्घ/सङ्गठनका जिल्ला समिति गठन भएको जिल्लामा महासङ्घको जिल्ला अधिवेशन गर्न सकिनेछ ।

€(२) जिल्ला अधिवेशन तीन वर्षमा एक पटक हुनेछ । जिल्ला अधिवेशनमा महासंघको जिल्ला समितिका पदाधिकारी सदस्य तथा पदेन सदस्य, महासङ्घमा आबद्ध जिल्ला घटकहरूबाट २ महिला सहित ५ जनाका दरले छनौट भएका प्रतिनिधिहरू र ५० भन्दा बढी सदस्य भएका जिल्ला घटकबाट थप प्रत्येक ५० मा थप १/१ जनाका दरले छनोट भएका प्रतिनिधी जिल्ला अधिवेशन प्रतिनिधी हुनेछन, यसरी प्रतिनिधीहरू छनौट गर्दा एक पछी अर्कोमा महिला अनिवार्य हुनुपर्नेछ। प्रतिष्ठान स्तरका जिल्ला अध्यक्षहरू प्रतिनिधी हुनेछन । जिल्ला समितिले मनोनयन गर्ने ५ महिला सहित वढीमा १५ जना जिल्ला अधिवेशनका प्रतिनिधि हुनेछन ।

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

**दफा ११ क. जिल्ला परिषद**

जिल्लामा निम्न पदाधिकारी तथा सदस्य रहेको जिल्ला परिषद् गठन हुनेछ । जिल्ला समितिका पदाधिकारी सदस्य एव पदेनं सदस्यहरू, पालिका समितिका अध्यक्ष र सचिवहरू, घटक संस्थाका अध्यक्षहरू, जिल्लामा रहेका महासंघको राष्ट्रिय समितिका सदस्य तथा पार्षदहरू, प्रदेश समितिका पदाधिकारी सदस्यहरू र जिल्ला समितिले मनोनयन गर्ने २ महिला सहित ५ जना सदस्यहरू ।

❖ **दफा १२ जिल्ला समिति**

*(१) जिल्ला अधिवेशनले तपशिल अनुसारको १५ सदस्यीय जिल्ला समिति निर्वाचित गर्नेछ

| | |
|---|---|
| अध्यक्ष | १ जना, |
| उपाध्यक्ष | २ (१ महिला सहित) |
| सचिव | १ जना |
| सहसचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ९ जना (४ महिलासहित समावेशी सिद्धान्त अनुरूप) |

€(२) घटक सदस्य संघ/संगठनको जिल्ला कार्य समितिका अध्यक्ष र महासंघको पालिका समितिका अध्यक्षहरूले जिल्ला समितिको बैठकमा पदेन सदस्यको रूपमा भाग लिनेछन ।

(३) जिल्ला समितिले बढीमा २ महिला सहित ४ जना सदस्य मनोनीत गर्न सक्नेछ ।

(४) समितिले आवश्यकता अनुसार २ महिला सहित बढीमा ५ जना सम्मको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

€ दफा १२ क. **पालिका अधिवेशन** :

महासंघको पालिका समिति, प्रत्येक घटक संघ/संगठन तथा प्रतिष्ठानहरूका पालिका स्तरीय कार्य समिति र त्यस्ता समितिले ४ महिला सहित मनोनित

* चौथो संशोधनद्वारा संशोधित ।

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

गरेको वढीमा १० प्रतिनिधी वा सम्वन्धित पालिका भित्र घटक संघ/संगठन तथा प्रतिष्ठानहरूका समिति नवनेको अवस्थामा तत कार्यालय तथा संस्थाहरूमा कार्यरत सदस्यहरूको कुल सदस्य संख्या मध्येवाट आपसी सहमतीले वढीमा २५ प्रतिशत सदस्यहरू प्रतिनिधी रहेको पालिका अधिवेशन हुनेछ ।

**€ दफा १२ ख. पालिका समिति**

(१) पालिका अधिवेशनले आफुहरू मध्येवाट तपशिल अनुसारको ११ सदस्यीय पालिका समिति चयन गर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | २ जना (१ महिला सहित) |
| सचिब | १ जना |
| सह सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ५ जना (३ महिलासहित, समावेशी सिद्धान्तलाई समेत मध्ये नजर गरी चयन गर्नुपर्ने ) |

(२) आवद्ध घटक संघ/संस्थाका सम्वन्धित पालिका समितिका अध्यक्षहरू पदेन सदस्यका रूपमा उपस्थिती हुनु पर्नेछ ।

(३) पालिका समितिको वैठक कम्तीमा २ महिनामा १ पटक वस्नु पर्नेछ ।

**❖ दफा १२ ग. महिला राष्ट्रिय समिति**

१. महासङ्घको महिला क्षेत्रमा काम गर्न निम्न बमोजिमको महिला राष्ट्रिय समिति रहनेछ ।

(क) महिला राष्ट्रिय समितिको प्रमुख, उपप्रमुख, सचिव, उपसचिव राष्ट्रिय समितिले तोक्नेछ ।

(ख) राष्ट्रिय समितिका महिला सदस्यहरू ।

(ग) राष्ट्रिय महिला भेलाबाट निर्वाचित १० जना सदस्य

(घ) राष्ट्रिय समितिले मनोनीत गरेका ५ जना सदस्य

(ङ) राष्ट्रिय समितिका निवर्तमान महिला पदाधिकारी एवं सदस्यहरू

**२ महिला राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार**

(क) महिला राष्ट्रिय समितिले महासङ्घको अंङ्गको रूपमा महिला क्षेत्रमा काम गर्नेछ । महासङ्घको नीति विधान र निर्णयका अधीनमा रही लैङ्गिक विभेदको अन्त्य, महिला सशक्तीकरण, ट्रेड युनियन आन्दोलनमा महिला सहभागितामा वृद्धि लगायतका महिला श्रमिक पेसाकर्मीलाई सङ्गठित गर्दै उनीहरूको हकहितमा काम गरी महासङ्घको उद्देश्य परिपूर्तिमा सहयोग गर्ने ।

(ख) सम्बन्धित घटक, प्रतिष्ठान र मातहतका समितिसँग समन्वय गरी महिला नेतृत्वको विकास, तालिम, प्रशिक्षण सञ्चालन गर्दै महिलाहरूको हकहितका लागि काम गरी महासङ्घको उद्देश्य परिपूर्तिमा सहयोग पुऱ्याउने ।

**❖दफा १२ ग. युवा राष्ट्रिय समिति**

**१) महासङ्घको युवा क्षेत्रमा काम गर्ने अङ्गका रूपमा निम्न बमोजिमको युवा राष्ट्रिय समिति रहनेछ ।**

क) युवा राष्ट्रिय समितिको प्रमुख, उपप्रमुख, र सचिव राष्ट्रिय समितिले तोके बमोजिम हुनेछ । (३ मध्ये कुनै एक महिला हुनु पर्नेछ )

ख) राष्ट्रिय समितिले तोकेका राष्ट्रिय समितिका २ महिला सहित ५ जना - सदस्य ।

ग) राष्ट्रिय युवा सम्मेलनबाट निर्वाचित ७ महिला सहित २० जना - सदस्य ।

घ) राष्ट्रिय युवा सम्मेलनको व्यवस्था राष्ट्रिय समितिले गर्नेछ ।

**२) युवा राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार**

क) महासङ्घको युवा शक्तिलाई परिचालन गर्न क्रियाशील रहने।

ख) महासङ्घको नीति, विधान र निर्णयको अधीनमा रही युवा

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

सशक्तीकरण, युवाहरूका बिचमा महासङ्घलाई स्थापित गर्न क्रियाशील रहने ।

ग) सम्बन्धित घटक प्रतिष्ठान र मातहत समितिसँग समन्वय गरी युवा परिचालन गरी नेतृत्व विकास, तालिम, प्रशिक्षण सञ्चालन गर्दै युवाहरूको हकहित तथा महासङ्घको उद्देश्य परिपूर्तिमा सहयोग पुऱ्याउने ।

## परिच्छेद –८

## काम, कर्तव्य र अधिकार

**€ दफा –१३ महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

€(१) राष्ट्रिय समिति, लेखा आयोग, अनुशासन आयोग र निर्वाचन आयोगको निर्वाचन गर्ने ।

(२) राष्ट्रिय समितिको नीति निर्माण गरी कार्यक्रम पारित गर्ने ।

(३) बजेट तर्जुमा गर्ने ।

(४) लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(५) विधान पारित र संशोधन गर्ने ।

*(६) आवश्यक प्रस्तावहरू पारित गर्ने ।

**दफा –१४ राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

€(१) महाधिवेशनद्वारा पारित भएका नीति कार्यक्रमहरूको कार्यान्वयन गर्ने ।

€(२) महाधिवेशनद्वारा पारित प्रस्ताव र निर्णय अनुसार आवश्यक नीति र योजना तर्जुमा गर्ने ।

€(३) महाधिवेशन सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने ।

(४) विधानसँग नबाझिने गरी आवश्यक नियम, विनियमको निर्माण गर्ने ।

(५) सदस्यता सम्बन्धी निर्णय गर्ने ।

---

* चौथो संशोधनबाट संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€(६) वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने र आयव्यय विवरण तयार गरी राष्ट्रिय परिषद र महाधिवेशनमा पेस गर्ने ।

€(७) आफ्नो कार्यकालको महत्त्वपूर्ण गतिविधिहरूको विवरण राष्ट्रिय परिषद तथा महाधिवेशनमा पेस गर्ने ।

•(८) राष्ट्रिय परिषद्को बैठक बोलाउने ।

(९) महासङ्घको विस्तार, विकास तथा सुदृढीकरणका लागि आवश्यक विभागहरू गठन गर्ने ।

(१०) महासङ्घका लागि पूर्णकालीन एवं अल्पकालीन पदाधिकारीका साथै कार्यालयका लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्ने र उनीहरूको सेवा, सर्त, पारिश्रमिक तथा अन्य सुविधाहरू तोक्ने ।

(११) महासङ्घको उद्देश्य पूर्तिका लागि अन्य कार्य गर्ने ।

•(१२) महासङ्घको सदस्यताको आबद्धता र खारेजीको निर्णय गर्ने।

€(१३) राष्ट्रिय समितिको बैठक वर्षमा कम्तीमा २ पटक बस्नेछ तर सामान्यतयाः दुई बैठकको बिचमा ६ महिनाभन्दा फरक हुने छैन ।

**दफा – १५ राष्ट्रिय परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(१) साङ्गठनिक तथा आर्थिक गतिविधिको समीक्षा गर्ने ।

(२) महाधिवेशनको समय नहुँदै राष्ट्रिय समिति भङ्ग भएमा महासङ्घको विस्तार एवं सुदृढकीरणका लागि आवश्यक निर्णय लिन सक्ने ।

*(३) राष्ट्रिय समितिलाई आवश्यक नीतिगत निर्देशन दिने ।

€(४) महाधिवेशनमा प्रस्तुत गरिने नीतिका बारेमा छलफल गरी पारित गर्ने

❖(५) आवश्यकता अनुसार विधान संशोधन गर्ने र सोको विवरण राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।

**दफा –१६ राष्ट्रिय समितिको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

---

* चौथो संशोधनबाट संशोधित ।

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) महासङ्घको उद्देश्य परिपूर्तिका लागि आवश्यक सम्पूर्ण कार्यको नेतृत्व, निर्देशन, नियन्त्रण र रेखदेख गर्ने ।

(ख) राष्ट्रिय समितिको बैठक बोलाउन समय अनुकूल नभएमा आगामी बैठकबाट अनुमोदन गराउने गरी नियमित आवश्यक कार्य सम्पादन गर्ने ।

•(ग) राष्ट्रिय समिति तथा स्थायी समिति बैठकको अध्यक्षता गर्ने ।

(घ) आगामी बैठकबाट अनुमोदन गराउने गरी आकस्मिक कार्यका लागि आवश्यक खर्च गर्न स्वीकृति दिने ।

€२) **खारेज ।**

*(३) **उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार :**

❖(क) अध्यक्षको अनुपस्थितिमा तोकिएको उपाध्यक्षले कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

❖(ख) तोकिए बमोजिमको काम गर्ने ।

❖(ग) खारेज ।

(घ) अध्यक्षको काममा सहयोग गर्ने ।

❖ङ) आफ्नो कार्य क्षेत्रको आवधिक प्रतिवेदन प्रस्तुत गर्ने ।

(४) **महासचिवको काम, कर्तव्य र अधिकार :**

•(क) राष्ट्रिय समिति र स्थायी समितिबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने ।

(ख) सचिवालयको सम्पूर्ण दैनिक कार्य सञ्चालनमा उत्तरदायी रहने ।

(ग) महत्त्वपूर्ण कार्यमा अध्यक्षको परामर्श लिने ।

(घ) महासङ्घका सम्पूर्ण कागजात एवं सम्पत्तिको संरक्षण गर्ने ।

---

• तेस्रो संशोधनद्वारा संशोधित ।

*चौथो संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

(ङ) अध्यक्षलाई आवश्यक सल्लाह दिने ।

(च) अध्यक्षको राय बमोजिम बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक व्यवस्था गर्ने ।

(छ) प्रतिवेदनहरू तयार गर्ने गराउने र महाधिवेशन, राष्ट्रिय परिषद तथा राष्ट्रिय समितिको बैठकमा प्रस्तुत गर्ने ।

*(ज) विभागहरूको कामको समन्वय गर्ने गराउने ।

❖(झ) महासङ्घको प्रवक्ता भई कार्य गर्ने ।

(ञ) महासंघको प्रसासन, संगठन र आर्थिक कार्य संचालन गर्ने गराउने ।

(ट) महासचिवले गर्नुपर्ने अन्य सबै कार्य गर्ने ।

•(५) **उपमहासचिवहरूको काम, कर्तव्य र अधिकार :**

(क) महासचिवको अनुपस्थितिमा तोकिएको उपमहासचिवले कार्यवाहक महासचिव भई काम गर्ने ।

(ख) राष्ट्रिय समिति र स्थायी समितिले तोके बमोजिमको कार्य सम्पादन गर्ने ।

(ग) महासचिवले प्रत्यायोजित गरेको कार्य गर्ने ।

(घ) कार्य विभाजनमा तोकिएको कार्य गर्ने ।

(ङ) महासचिवको काममा सहयोग पुऱ्याउने ।

*(६) **सचिवहरूको काम, कर्तव्य र अधिकार :**

•क) कार्यालयको दैनिक काम सम्पादन गर्ने ।

•ख) तोकिएको अन्य काम गर्ने ।

€ग) तोकिए बमोजिम प्रदेशहरूको काममा इन्चार्जको हैसियतले काम गर्ने ।

* चौथो संशोधनद्वारा संशोधित ।

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

•तेस्रो संशोधनद्वारा संशोधित ।

(७) **कार्यालय सचिवको काम कर्तब्य र अधिकार :**

(क) कार्यालय ब्यवस्थापनको सम्पूर्ण कार्य गर्ने ।

(ख) जिन्सी व्यवस्थापन, रेकर्ड ब्यवस्थापन र कार्यक्रमहरूको आन्तरीक तयारी र ब्यवस्थापन गर्ने ।

(ग) तोकिएको अन्य कार्यहरू गर्ने ।

(८) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) महासङ्घलाई सुदृढ गर्न आवश्यक आर्थिक नीति र योजना तयार गर्ने ।

(ख) अध्यक्ष र महासचिवको सल्लाह बमोजिम वार्षिक बजेट तर्जुमा गर्ने ।

(ग) महासङ्घको आयव्ययको हिसाब राख्ने ।

(घ) आयव्ययको विवरण तयार गरी राष्ट्रिय समिति, राष्ट्रिय परिषद र महाधिवेशनमा प्रस्तुत गर्ने ।

(ङ) आर्थिक विषय सम्बन्धी अन्य कार्य गर्ने ।

€(९) **खारेज** ।

(१०) **सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

(क) महासङ्घको उद्देश्य प्राप्तिका निम्ति तोकिएको जिम्मेवारी निर्वाह गर्ने ।

❖(ख) राष्ट्रिय समितिको बैठकमा लिखित प्रतिवेदन पेस गर्ने र बैठकबाट भएका निर्णयहरू सम्बन्धित घटक सङ्घ/सङ्गठन र मातहत समितिहरूलाई जानकारी गराउने र तोकिएको आफ्नो क्षेत्रको सांगठानिक कार्य कार्यान्वयन गर्ने गराउने ।

•**दफा –१७ स्थायी समितिको काम, कर्तव्य र अधिकार :**

(क) राष्ट्रिय समितिको बैठक नबसेको बखत सो समितिले गर्ने काम गर्ने ।

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

•तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) महासङ्घको नीति र दृष्टिकोण स्पष्ट गर्ने ।

(ग) स्थायी समितिले गरेका निर्णय तथा काम राष्ट्रिय समितिबाट अनुमोदन गराउने ।

**♦दफा–१८ सचिवालयको काम, कर्तव्य र अधिकार :**

•(क) राष्ट्रिय परिषद, राष्ट्रिय समिति र स्थायी समितिका निर्णयहरूको कार्यान्वयन गर्ने ।

(ख) अध्यक्षको राय बमोजिम राष्ट्रिय समिति तथा स्थायी समितिको बैठकका विषय सूची (एजेन्डा) तयार पार्ने ।

*(ग) कार्यालय व्यवस्थापन गर्ने, आवश्यकता अनुसार कार्यालय सचिवको जिम्मेवारी तोक्ने ।

•(घ) दैनिक पत्राचार गर्ने ।

•(ङ) भैपरी आउने अन्य काम गर्ने ।

€(च) आवश्यकता अनुसार राष्ट्रिय समितिबाट अनुमोदन गराउने गरि आवश्यक निर्णय गर्ने ।

**दफा– १९ जिल्ला समितिको काम, कर्तव्य र अधिकार :**

•(क) जिल्ला समितिको बैठक २ महिनामा १ पटक बस्नेछ । बैठकको अध्यक्षता अध्यक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् । अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा तोकिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

€(ख) महाधिवेशनबाट पारित नीति, कार्यक्रम एवं राष्ट्रिय समिति, स्थायी समिति तथा सचिवालयका निर्णयहरूको कार्यान्वयन गर्ने, पेशागत हकहितको विस्तार, विकास तथा आन्दोलनको सुदृढीकरणका लागि आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

(ग) महासङ्घको उद्देश्य परिपूर्तिका लागि अन्य कार्य गर्ने ।

(घ) सम्बन्धित जिल्लामा एकीकृत पेसागत आन्दोलनको अगुवाइ गर्ने र सदस्य संस्था बिचको नेतृत्व गर्ने ।

---

♦दोस्रो संशोधनबाट थप ।

* चौथो संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€(ङ) जिल्ला समितिले गरेका कामको समग्र समिक्षा गर्न कार्यकाल अवधिमा एक पटक जिल्ला परिषद् आयोजना गर्ने ।

•(च) जिल्ला समितिको बैठकबाट भएका निर्णयहरू र गतिविधिबारे प्रदेश समिति र राष्ट्रिय समितिलाई लिखित जानकारी गराउने ।

•(छ) पेसाकर्मी र आश्रित परिवारका लागि सहकारी अभियान लगायतका कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने ।

*(ज) घटक सङ्घ/सङ्गठनका जिल्ला समितिहरू बिच समन्वय गर्ने ।

*(झ) लेखा परीक्षण गराउने तथा पारदर्शी लेखा प्रणाली अवलम्बन गर्न, गराउन उत्प्रेरित गर्ने, गराउने ।

*(ञ) राष्ट्रिय समिति तथा प्रदेश समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

*(ट) प्रशिक्षण, भेला, गोष्ठी आयोजना गर्ने ।

*(ठ) कार्यसञ्चालन गर्न घटक सङ्घ/सङ्गठनका जिल्ला समितिहरूबाट आवश्यकता अनुसार लेभी तथा आर्थिक दायित्व तोकी सङ्कलन गर्ने ।

*(ड) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**€ दफा–१९क (क) खारेज ।**

**(ख) खारेज ।**

**€ दफा–१९ ख. खारेज ।**

**€ दफा–१९ ग. पालिका समितिको काम, कर्तव्य र अधिकार :**

(क) माथिल्लो समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(ख) पालिका स्तरका पेसाकर्मीहरूको सिप क्षमता विकासका लागि विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

(ग) पालिका स्तरमा भेला, गोष्ठी, अन्तर्क्रिया र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने

•तेस्रो संशोधनद्वारा संशोधित ।

* चौथो संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

€(घ) पेशाकर्मीहरूको पालिका स्तरका समस्याहरू पहिचान गरी समधानका निम्ती पहल गर्ने र गरेका कार्यहरूको माथिल्लो समितिलाई जनकारी गराउने ।

❖ **दफा–१९ घ. प्रदेश समितिको काम, कर्तव्य र अधिकार :**

(क) राष्ट्रिय समिति, स्थायी समिति र सचिवालयका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ख) प्रदेश अन्तर्गतका जिल्ला समितिका कामको अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने ।

(ग) प्रदेश स्तरमा प्रशिक्षण, भेला, गोष्ठी आयोजना गर्ने ।

(घ) प्रदेश स्तरमा सामुहिक सौदाबाजी सहित ट्रेड युनियन अभ्यास (श्रम अभ्यास) गर्ने र आवश्यक समन्वय गर्ने ।

(ङ) घटक सङ्घ/सङ्गठनका प्रदेशस्तरको काममा आवश्यक सहयोग र समन्वय गर्ने ।

(च) नियमित रूपमा राष्ट्रिय समितिमा प्रतिवेदन पेस गर्ने ।

(छ) तोकिए बमोजिमको आर्थिक दायित्व पुरा गर्ने ।

(ज) घटकका प्रदेश समिति र जिल्ला समितिलाई आवश्यकता अनुसार आर्थिक दायित्व तोक्ने ।

(झ) तोकिए बमोजिम अन्य काम गर्ने ।

❖ **दफा १९ङ. प्रदेश समितिको पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।**

## € परिच्छेद –८ क

## आयोगहरू

**दफा १९ च. लेखापरिक्षण आयोग**

महासंघको लेखा प्रणाली लाई ब्यबस्थित र पारदर्शी बनाउन, नियमित आन्तरिक लेखा परिक्षण गर्न, सवै तहका कार्य समितिहरूको लेखा अनुगमन गर्न र लेखा ब्यबस्थापन सम्बन्धि आवश्यक सुझाव दिन, महाधिबेशनको प्रतिनिधिहरूवाट

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

उम्वेदवार दिई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिको बहुमत वाट पाँच सदस्यीय एक लेखापरिक्षण आयोगको गठन गरिनेछ । लेखा परिक्षण आयोगमा एक जना अध्यक्ष र दुई जना महिला सहित चार जना सदस्य रहनेछन । लेखा परिक्षण आयोगको अध्यक्ष स्थायी समितिमा पदेन सदस्य र आयोगका सदस्यहरू राष्ट्रिय समितिको पदेन सदस्यको रूपमा रहनेछन ।

**दफा १९ छ. अनुशासन आयोग**

महासंघमा विधान, विनियम, निर्णय, निर्देशन वा प्रचलित  नियम उलङ्घन गरी महासंघको काम कारवाही तथा आचरण विपरित हुने गम्भीर प्रकृतीको कार्य गरेमा अनुशासन आयोगले स्पष्टीकरण सोध्ने, पंतिवेदन लिने, छानविन गर्ने र गम्भिर त्रुटी भएको देखिएमा तोकिए बमोजिम सम्बन्धित तहको कार्य समितिलाई कारवाहीको लागि सिफारिस गर्न महाधिबेशनको प्रतिनिधिहरूवाट उम्वेदवार दिई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिको बहुमत वाट  पाँच सदस्यीय एक अनुशासन आयोगको गठन गरिनेछ । अनुशासन आयोगमा एक जना अध्यक्ष र दुई जना महिला सहित चार जना सदस्य रहनेछन । अनुशासन आयोगको अध्यक्ष स्थायी समितिमा पदेन सदस्य र आयोगका सदस्यहरू राष्ट्रिय समितिको पदेन सदस्यको रूपमा रहनेछन ।

**दफा १९ ज. निर्वाचन आयोग**

पेशागत महासंघका विभिन्न कार्य समितिहरूका निर्वाचन सम्पन्न गर्न महाधिबेशनको प्रतिनिधिहरू वाट उम्वेदवार दिई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिको बहुमत वाट पाँच सदस्यीय एक निर्वाचन आयोगको गठन गरिनेछ। निर्वाचन आयोगमा एक जना अध्यक्ष र दुई जना महिला सहित चार जना सदस्य रहनेछन। निर्वाचन आयोगको अध्यक्ष स्थायी समितिमा पदेन सदस्य र आयोगका सदस्यहरू राष्ट्रिय समितिको पदेन सदस्यको रूपमा रहनेछन ।

## परिच्छेद –९

## पदरिक्तता, पदपूर्ति र राजीनामा

**दफा–२० पदरिक्तता** : देहायको अवस्थामा पद रिक्त भएको मानिनेछ :

(क) राजीनामा दिई स्वीकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) अनुशासनात्मक कारवाहीमा परी बर्खास्त भएमा ।

❖(घ) ३ पटकसम्म लगातार विनासूचना बैठकमा अनुपस्थित भएमा ।

❖(ङ) तोकिएको कार्यक्षेत्र छोडी अन्यत्र गएमा ।

€(च) भ्रष्टचार वा फौजदारी अभियोगमा अदालतवाट दोषी ठहर भएमा ।

**€ दफा– २१ पदपूर्ति :**

राष्ट्रिय समितिको कुनै पदाधिकारीको पद रिक्त हुन आएमा राष्ट्रिय समितिका निर्वाचित सदस्यहरू मध्येबाट र अन्य सदस्यको पद रिक्त भएमा राष्ट्रिय परिषद्का सदस्यहरू मध्येबाट राष्ट्रिय समितिले पदपूर्ति गर्नेछ । प्रदेश समिति, जिल्ला समिति र पालिका समितिको कुनै पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित समितिले समितिका सदस्यहरू मध्येवाट रिक्त पदमा पदपुति गर्नेछ ।

**दफा– २२ राजीनामा :**

€(क) राष्ट्रिय समितिको अध्यक्षले उपाध्यक्ष मार्फत,अन्य पदाधिकारी तथा सदस्यहरूले र राष्ट्रिय परिषद्का सदस्यले अध्यक्ष मार्फत राष्ट्रिय समिति समक्ष राजिनामा दिन सक्नेछन । त्यस्तै आयोगका प्रमुख तथा सदस्यहरूले अध्यक्ष मार्फत राष्ट्रिय समिति समक्ष राजिनामा दिन सक्नेछन ।

(ख) यसरी प्राप्त हुन आएको राजीनामा उपर राष्ट्रिय समितिमा छलफल भई स्वीकृत गर्ने अधिकार राष्ट्रिय समितिलाई हुनेछ।

## परिच्छेद –१०

## निर्वाचन, कार्यकाल र विघटन

**दफा–२३ निर्वाचन :**

€(क) राष्ट्रिय समितिले आवश्यकता अनुसार राष्ट्रिय समितिको निर्वाचन सम्पन्न गर्न एक निर्वाचन मण्डल गठन गर्न सक्नेछ । प्देश समिति, जिल्ला समिति र पालिका समितिको निर्वाचनको काममा सहजीकरण केन्द्रीय निर्वाचन आयोगले गर्नेछ ।

(ख) यस विधानको विपरीत नहुने गरी निर्वाचन नियमहरू तोक्ने तथा निर्वाचन सम्पन्न गर्ने अधिकार निर्वाचन समितिलाई हुनेछ ।

---

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

(ग) निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सपथ ग्रहण गराइ सकेपछि निर्वाचन समिति विघटन हुनेछ ।

(घ) सपथ ग्रहणको बेहोरा अनुसूची-१ बमोजिम हुनेछ ।

(ङ) निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचित भएको प्रमाण पत्र निर्वाचन समितिले दिनेछ ।

(च) निर्वाचन समितिमा समाविष्ट प्रतिनिधिले मतदान गर्न पाउनेछन् तर उम्मेदवारी दिन पाउने छैनन् । € उम्वेदवार हुने ईच्छुकले निर्वाचन गराउने कार्यमा सहभागी हुन पाउने छैन ।

(छ) निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्न, गराउन आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

**❖दफा–२३ क. उम्मेदवार हुने योग्यता :**

क) राष्ट्रिय समितिको पदाधिकारीमा उम्मेदवार हुन राष्ट्रिय समितिको पदाधिकारी वा सदस्य भई काम गरिसकेको वा घटक सङ्घ/सङ्गठनको केन्द्रीय पदाधिकारी वा सदस्य भई एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ ।

ख) प्रदेश समितिको अध्यक्ष, उपाध्यक्ष र महासचिवमा उम्मेद्वार हुन राष्ट्रिय समितिको सदस्य वा राष्ट्रिय घटकको पदाधिकारी वा सदस्य वा महासङ्घको प्रदेश समितिको पदाधिकारी वा जिल्ला समितिको € १ कार्यकाल पदाधिकारी भएको हुनु पर्दछ ।

ग) जिल्ला समितिको अध्यक्षको उम्मेद्वार हुन घटकको केन्द्रीय सदस्य वा महासङ्घको जिल्ला समितिको पदाधिकारी वा घटकको जिल्ला अध्यक्ष भैसकेको हुनुपर्दछ ।

**€दफा –२४ कार्यकाल :**

यस विधान अनुसार निर्वाचित राष्ट्रिय समिति, प्रदेश समिति, जिल्ला समिति र पालिका समितिको कार्यकाल तीन बर्षको हुनेछ ।पदाबधि समाप्त भएको हकमा अर्को निर्वाचन सम्पन्न नभए सम्म मौजुदा समिति नै मान्य हुनेछ तर कार्यकाल समाप्त भएको मितिले छ महिना भित्र अर्को अधिबेशनको आयोजना गरी सक्नु

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

पर्नेछ । राष्ट्रिय महाधिवेशन भन्दा अगाडी संभव भएसम्म सवै प्रदेश र जिल्लाको अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

**दफा –२५ विघटन :**

€(क) यस विधान बमोजिम दर्ता भएको पेसागत महासंघ नेपाल विघटन गरिने छैन । तर अर्को कुनै नामको संघ, संगठनसँग एकिकरण गर्न बाधा पर्ने छैन् ।

€(ख) राष्ट्रिय समितिका बहुमत सदस्यहरूले राजिनामा दिएमा राष्ट्रिय समितिका बाँकी ज्येष्ठ पदाधिकारी एवं सदस्यको अध्यक्षतामा बैठक वसि बढीमा एक महिना भित्र राष्ट्रिय परिषद्को बैठक बोलाउन सक्नेछन् । र राष्ट्रिय परिषद्ले महाधिवेशन आयोजक समिति बनाउन सक्नेछ ।

## परिच्छेद –११

## कोष सञ्चालन तथा लेखा परीक्षण

**दफा–२६ कोषको स्रोत :**

महासङ्घको कोषको स्रोत देहाय बमोजिम हुनेछ :

€(क) महासंघका घटक संस्थाहरूले आबद्धता शुल्क वापत वार्षिक रूपमा देहाय बमोजिम आबद्धता शुल्क बुझाउनु पर्नेछ । क. १ हजारसम्म सदस्य भएको घटक संस्थाले रु.१० हजार, १ हजार देखी ५ हजारसम्म सदस्य भएको घटक संस्थाले रु.२५ हजार, ५ हजार देखी १० हजारसम्म सदस्य भएको घटक संस्थाले रु.४० हजार र १० हजार भन्दा बढी सदस्य भएको घटक संस्थाले रु.७५ हजार तोकिएको आबद्धता शुल्क वापतको रकम ।

€(ख) युनियन सदस्यता शुल्क

प्रत्येक घटक संस्थाहरूले महासंघको सदस्यता शुल्क वापत प्रति सदस्य वार्षिक रु ५।- का दरले लेवि स्वरूप महासंघमा बुझाउनु पर्नेछ । महासंघले प्राप्त गरेको सो रकम वाट २० प्रतिशत प्रदेश समिति, २० प्रतिशत रकम जिल्ला समिति र १० प्रतिशत रकम पालिका समिति लाई पठाउनेछ ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

(ग) सहयोग तथा अनुदान बापत प्राप्त रकम ।

*(घ) खारेज ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

❖(च)मातहत समितिहरूले आआफ्नो छुट्टै कोष खडा गरी सञ्चालन गर्न सक्नेछन् ।

**दफा –२७ कोष सञ्चालन** :

(क) महासङ्घको कोषको रकम कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ । सो बैंक खाता अध्यक्ष वा महासचिव मध्ये कुनै एक जना र कोषाध्यक्षको अनिवार्य दस्तखतमा दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(ख) महासङ्घको हर हिसाब तथा आर्थिक कारोबार दोहोरो लेखा प्रणालीका आधारमा राखिनेछ ।

**दफा–२८ लेखा परीक्षण** :

(क) महासङ्घको हरहिसाबको लेखा परीक्षण राष्ट्रिय महाधिवेशनबाट मनोनीत लेखा परीक्षकद्वारा गरिनेछ ।

(ख) लेखा परीक्षकले वार्षिक हरहिसाब लेखा परीक्षण गरी लेखा परीक्षण प्रतिवेदन राष्ट्रिय समितिमा पेस गर्नु पर्नेछ।

•(ग)लेखा परीक्षण प्रतिवेदन कानुनले तोकेको निकाय वा अधिकारी समक्ष पेस गरिनेछ ।

***दफा–२८ क लेखा समिति : खारेज ।**

## परिच्छेद–१२

## विविध

❖**दफा– २९** संस्थागत रूपमा महासङ्घको केन्द्रमा आबद्ध/सम्बद्ध नभएका तर जिल्ला स्तरमा कियाशील पेसागत सङ्घ/सङ्गठनहरूले

* चौथो संशोधनद्वारा संशोधित ।

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

€ छैटौं संसोधनद्वारा संसोधित ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

* चौथो संशोधनद्वारा संशोधित ।

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

महासङ्घको नीति र विधानलाई स्विकार गरी जिल्ला स्तरमा आवद्ध हुन चाहेमा जिल्ला समितिको सिफारिसमा राष्ट्रिय समितिले आबद्धताका लागि निर्णय गर्न सक्नेछ ।

**दफा ३०** खारेज

*__दफा –३१__ महासंघको विधान संशोधन गर्नु पर्ने देखिएमा राष्ट्रिय समितिको तर्फबाट राष्ट्रिय परिषद् वा महाधिवेशनमा विधान संशोधन प्रस्ताव पेश हुनेछ । राष्ट्रिय परिषद् वा महाधिवेशनले विधान संशोधन प्रस्ताव पारित गरेमा संशोधित विधान लागू हुनेछ । सो संशोधित विधानका बारेमा पञ्जीकाधिकारीलाई जानकारी दिनु पर्नेछ ।

**दफा –३२** यो विधान पारित र दर्ता हुनु अगाबै भए, गरेका कामकारवाहीहरू यसै विधान बमोजिम भए, गरेको मानिनेछ ।

**दफा –३३** महासङ्घले आवश्यकता ठानेको अवस्थामा सदस्य सङ्घ/ सङ्गठनहरूलाई आर्थिक सहयोग गर्न सक्नेछ ।

**दफा –३४** अनुसूची २ मा उल्लेख भए बमोजिम महासङ्घको झन्डा र लोगो प्रयोगमा ल्याउन सक्नेछ ।

•**दफा–३५** राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय परिषद नबसेको अवस्थामा यस विधानको व्याख्या गर्ने अधिकार राष्ट्रिय समितिलाई हुनेछ।

**दफा –३६** विधानसँग नबाझिने गरी राष्ट्रिय समितिले आवश्यक नियमावली तथा आचार संहिता निर्माण गरी लागु गर्न सक्नेछ ।

***दफा–३७** आवद्धता तथा सम्बद्ध घटक/ प्रतिष्ठान वा मातहत समितिका कुनै पदाधिकारी वा सदस्य महासंघको राष्ट्रिय समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा वा राष्ट्रिय समितिको कुनै पदाधिकारी, सदस्य आवद्ध/सम्बद्ध घटक वा प्रतिष्ठान मातहतको कुनै समितिको पदाधिकारी वा सदस्यमा उम्मेदवार भएमा साविकको पदाधिकार स्वतः समाप्त हुनेछ ।

---

•तेस्रो संशोधनद्वारा संशोधित ।

## अनुसूची –१

### ❖सपथ ग्रहणको बेहोरा

म ⁄ हामी .............................. पेसागत महासङ्घ नेपालको राष्ट्रिय समिति ⁄ लेखा समिति ⁄ राष्ट्रिय परिषद ⁄ प्रदेश समिति ⁄ जिल्ला समिति ⁄ निर्वाचन क्षेत्रीय समितिको............................ पदको यो सपथ लिन्छु ⁄ लिन्छौँ । आफ्नो कार्यभारलाई कसैको नाजायज प्रभावमा नपरी इमान्दारीपूर्वक निष्ठावान् भएर महासङ्घको गोपनीयता कायम राख्दै आफूले जाने बुझेसम्म महासङ्घको विधानको उद्देश्य परिपूर्ति गर्न गराउनका लागि लगनशीलताका साथ कटिबद्ध एवं प्रतिबद्ध रहँदै आफ्नो विवेक र क्षमताले भ्याएसम्म पुरा गर्ने प्रण गर्दछु ⁄ गर्दछौँ ।

सम्पूर्ण पेसाकर्मीहरू एक होऔँ !

पेसागत महासङ्घ नेपाल -जिन्दावाद !

मिति ..................

दस्तखत

नाम :

पद:

❖ पाँचौ संशोधनद्वारा संशोधित ।

# अनुसूची –२

## क) लोगो

औद्योगिक चिन्ह अङ्कित निलो गोलाकारभित्र नेपाल राज्यभित्र काम गर्ने कलमजीवी श्रमिक पेसाकर्मीहरूको पहिचान झल्कने कलम, हिमाल, पहाड, तराई भल्कने गरी नेपालको नक्सामा CONEP र त्यसको मुनि २०५२ लेखिएको हुनेछ । गोलाकारभित्रको माथिल्लो भागमा नेपाली नाम पेसागत महासङ्घ नेपाल र तल अङ्ग्रेजीमा Confederation of Nepalese Professionals रहनेछ ।

## ख) झन्डा

२:३ को अनुपातमा रातो रङ्गमा फहरिएको झन्डाभित्र लोगो समावेश हुनेछ ।

